## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति:२०८२/१२/१५ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२क. र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा १ र यस लेकम गाउँपालिकाको मिति:२०८२/१२/१२ गतेको कार्यापालिका बैठकको निर्णयबमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी तोकिएको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले **ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ. व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु** संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम(मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तूर |
|---|---|---|---|---|---|---|
| १ | LRM/E/NCB/01/2082/2083 | ढुंगा ,गिट्टी ,बालुवा उत्खनन(चमेलिया नदी ) | ३,८१,५०८.६५ | १५,२६,०३४.६१ | ७६,५००.०० | १०००.०० |
| २ | LRM/E/NCB/0२/2082/2083 | ढुंगा ,गिट्टी ,बालुवा उत्खनन(साजिगाड र महाकाली नदीको दोभान ) | १,५८,८८९.२५ | ६,३५,५५६.९९ | ३२,०००.०० | १००० |

<u>शर्तहरु</u>

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तूर बापत यस कार्यालयमा नगदै तिरेको वा

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मी सनराइज बैंकको शाखा कार्यालय लेकम मा रहेको यस कार्यालयको खाता नं.०९००३०००२०० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षररलाई मान्यता दिईनेछ ।आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंङ्कमा रहेको धरौटी खाता नं .०९००३०००१८७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण र मोबाइल नं स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४. एउटा फर्म वा संस्थाका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि सम्बन्धित सबैको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिनमा बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

०८२/१२/१५

प्रमूख प्रशासकीय अधिकृत

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत